# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ भक्तपुर, फागुन ४गते, २०७५ साल संख्या११

## भाग १

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको चौथो नगर सभा २०७५ बाट पारित भएको तल लेखिए बमोजिमको विनियम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७५ सालको ऐन

## भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कर्मचारी प्रशासन सम्बन्धी (प्रथम संशोधन) विनियम, २०७५

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७५ ले दिएको अधिकार प्रयोग गरी मिति २०६५ फागुन २६ गते सम्पन्न भक्तपुर नगरपालिकाको नगरपरिषद्ले कर्मचारी प्रशासनलाई सुदृढ एवं व्यवस्थित बनाउन स्वीकृत भई लागू भैरहेकेको भक्तपुर नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विनियम २०६५ मा केही संशोधन गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिकाको चौथो नगरसभाले देहाय बमोजिम संशोधन गरिएको छ।

१. संक्षिप्त नाम र परिभाषा : (१) यो विनियमको नाम 'भक्तपुर नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी (प्रथम संशोधन) विनियम २०७५' रहेको छ।
   (२) यो विनियम तुरुन्त प्रारम्भ हुनेछ।

२. भक्तपुर नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विनियम २०६५ (यसपछि मूल विनियम भनिनेछ) को नियम १.२.(झ) मा रहेको 'कार्यकारी अधिकृत' भन्ने वाक्यांशको सट्टा 'प्रमुख प्रशासकीय अधिकृत' भन्ने वाक्यांश राखिएको छ।

३. मूल विनियमको नियम १.२.(ड) मा रहेको 'नगरपरिषद्' भन्ने वाक्यांशको सट्टा 'नगरसभा' भन्ने वाक्यांश राखिएको छ।

४. मूल विनियमको नियम १.६.(१) मा रहेको 'नगरपालिका कार्यालयको संगठन तालिका र दरबन्दी नगरपरिषद्ले स्वीकृत गरे बमोजिम हुनेछ' भन्ने वाक्यांशको सट्टा 'नगरपालिका कार्यालयको देहाए अनुसारको संगठन तालिका तथा विद्यमान स्वीकृत दरबन्दीलाई आवश्यकता अनुसार पद मिलान गरी संलग्न अनुसूची अनुसारको दरबन्दी र संगठन तालिका नगरसभाले स्वीकृत गरे बमोजिम हुनेछ' भन्ने वाक्यांश राखिएको छ ।

५. मूल विनियमको नियम २.५. मा देहायबमोजिम उपनियम (३) थप गरिएको छ ।

(३) यस नगरपालिकाको स्वीकृत दरवन्दीमा न्यूनत्तम ५ वर्ष सेवा अवधि पुगेका अस्थायी, मा.ज्या.दै.ज्या,करार सेवा, खेलकुद प्रशिक्षक, शिक्षिका, आयाहरुसमेतलाई हाल कायम भएको दरवन्दीमा समायोजन गरी १ पटकको लागि आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट स्थायी पदपूर्ति गर्ने ।

६. मूल विनियमको नियम ४.१. मा रहेको 'कर्मचारीहरुको बढुवा गर्दा पदपूर्ति तथा बढुवा समितिको सिफारिसमा गरिनेछ' भन्ने वाक्यांशको सट्टा 'कर्मचारीहरुको बढुवा, पदस्थापन, समायोजन, ग्रेड थप र स्तर वृद्धि गर्दा हाल गठित पदपूर्ति तथा वढुवा समितिको सिफारिशमा गरिने छ' भन्ने वाक्यांश राखिएको छ ।

७. मूल विनियमको नियम ४.२.४. मा देहायबमोजिम बुँदा (ङ) र (च) थप गरिएको छ ।

(ङ) श्रेणीविहिन, कार्यालय सहयोगी, ड्राइभर, हेल्पर, सफाई मजदुरहरुलाई ५ वर्षभन्दा बढी सेवा पुगेकोलाई १ स्तर वृद्धि गर्ने ।

(च) श्रेणीविहिन, कार्यालय सहयोगी, ड्राइभर, हेल्पर, सफाईमजदुरहरुलाई ५ वर्षभन्दा कम सेवा पुगेकोलाई साविक स्तरको खाईपाई आएको २ ग्रेड थप गर्ने ।

८. मूल विनियमको नियम ४.३. मा 'बढुवाको सम्भाव्य उम्मेदवार' भन्ने वाक्यांशको सट्टा 'बढुवाको सम्भाव्य उम्मेदवार र तह वृद्धि' भन्ने वाक्यांश राखिएको छ ।

९. मूल विनियमको नियम ४.३.१. पछि देहायबमोजिम ४.३.१.१. थप गरिएको छ ।

४.३.१.१. उपविनियम ४.३.१. मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमको पदमा देहाय बमोजिमको न्यूनत्तम सेवा अवधि पुगेका कर्मचारीलाई १ तह वृद्धि गरी पदस्थापन गरिनेछ ।

(क) सहायकस्तर चौथो तह र सहायकस्तर पांचौ तहमा १० वर्षभन्दा बढी सेवा अवधी पुगेकालाई एक तह वृद्धि गरी पदस्थापन गर्ने ।

(ख) अधिकृतस्तर छैठौं तहमा ७ वर्षभन्दा बढी सेवा अवधी पुगेकालाई एक तह वृद्धि गरी पदस्थापन गर्ने ।

(ग) अधिकृतस्तर सातौं तहमा ५ वर्षभन्दा बढी सेवा अवधी पुगेकालाई एक तह वृद्धि गरी पदस्थापन गर्ने ।

१०. मूल विनयमको नियम ४.१२. मा देहायबमोजिम नियम ४.१२.(क) (ख) र (ग) थप गरिएको छ ।

(क) साविक स्थानीय निकायबाट नियुक्ती भई स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम यस नगरपालिकाको स्वीकृत दरवन्दीमा स्वतः समायोजन भईसकेका स्थायी कर्मचारीहरुको तह मिलान, पद मिलान र पदस्थापन गर्ने सम्बन्धमा नेपालको संविधान धारा ५७(४), धारा २२६(१) तथा धारा २८५(३) ले दिएको अधिकार समेत प्रयोग गरी हालै जारी कर्मचारी अध्यादेश २०७५ को दफा ६(४) वमोजिम सोही अध्यादेशको दफा ७ मा व्यवस्था भएको मापदण्डलाई आधार मानेर ५ वर्षभन्दा बढी सेवा अवधी पुगेका स्थायी कर्मचारीहरुलाई देहायअनुसार १ तह वृद्धी गरी पदस्थापन गरी समायोजन गर्ने ।

| हालको पद | सेवा अवधि र शैक्षिक योग्यता | समायोजन हुने तह | समायोजन हुँदा कायम हुने ग्रेड |
|---|---|---|---|
| सहायक स्तर चौथो (खरिदार) | १० वर्षभन्दा कम सेवा अवधि | सहायक स्तर चौथो तह | खाईपाई आएकोमा १ ग्रेड थप |
| | १० वर्ष वा दश वर्ष भन्दा बढी सेवा अवधि | सहायक स्तर पाँचौ | |
| सहायक स्तर पाँचौ (ना.सु.) | १० वर्षभन्दा कम सेवा अवधि | सहायक स्तर पाँचौ | खाईपाई आएकोमा १ ग्रेड थप |
| | १० वर्ष वा दश वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको र माथिल्लो पदमा बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता हासिल गरेको | अधिकृत स्तर छैठौं | |
| अधिकृत छैठौं | ७ वर्ष भन्दा कम सेवा अवधि | अधिकृत स्तर छैठौं | खाईपाई आएकोमा १ ग्रेड थप |
| | ७ वर्ष वा सात वर्ष भन्दा बढी सेवा अवधि | अधिकृत स्तर सातौं | |

| | | | |
|---|---|---|---|
| अधिकृत सातौं | ५ वर्ष भन्दा कम सेवा अवधि | अधिकृत स्तर सातौं | खाईपाई आएकोमा १ ग्रेड थप |
| | ५ वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि | अधिकृत स्तर आठौं | |
| श्रेणीविहीन (कार्यालय सहयोगी, ड्राइभर, हेल्पर, सफाई मजदुर समेत) | ५ वर्ष भन्दा कम सेवा अवधि | साविक स्तर | खाईपाई आएकोमा १ ग्रेड थप |
| | ५ वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि | एक स्तर वृद्धि | |

(ख) यस नगरपालिकाको स्वीकृत दरवन्दीमा न्यूनत्तम ५ वर्ष सेवा अवधि पुगेका कार्यरत अस्थायी, मा.ज्या, करार, दै.ज्या. र खेलकुद प्रशिक्षकहरुलाई हालको दरबन्दीमा समायोजन गरी एक पटकको लागि आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट स्थायी गर्ने सोको लागि आवश्यक प्रकृया अगाडि बढाउन हाल गठित पदपूर्ति समितिलाई जिम्मा दिने ।

(ग) हाल कार्यरत कर्मचारीहरुको वृत्ति विकास, बढुवा र पदस्थापनलाई मध्यनजर गरी नगरपालिकाको विद्यमान दरबन्दीको संख्या नबढ्ने गरी दरबन्दी मिलान गर्ने ।

११. मूल विनियमको नियम ५.१०.१. मा रहेको ‘नब्बे दिन’ भन्ने वाक्यांशको सट्टा ‘अन्ठानब्बे दिन’ भन्ने वाक्यांश राखिएको छ ।

१२. मूल विनयमको नियम ७.३ मा देहायबमोजिम नियम (४), (५), (६) र (७) थप गरिएको छ ।

(४) सहायकस्तर चौथो तहमा १० वर्षभन्दा कम सेवा अवधी पुगेकालाई खाईपाई आएकोमा १ ग्रेड थप गर्ने ।

(५) सहायकस्तर पांचौ तहमा १० वर्षभन्दा कम सेवा अवधी पुगेकालाई खाईपाई आएकोमा १ ग्रेड थप गर्ने ।

(६) अधिकृतस्तर छैठौं तहमा ७ वर्षभन्दा कम सेवा अवधी पुगेकालाई खाईपाई आएकोमा १ ग्रेड थप गर्ने ।

(७) अधिकृतस्तर सातौं तहमा ५ वर्षभन्दा कम सेवा अवधी पुगेकालाई खाईपाई आएकोमा १ ग्रेड थप गर्ने ।

१३. मूल विनियमको अनुसूची - २ को सट्टा देहाय बमोजिमको दरबन्दी कायम गरिएको छ ।

**अनुसूची– २**
**भक्तपुर नगरपालिकाको**
**दरबन्दीको विवरण**

| सि. नं. | पदको नाम | श्रेणी | तह/स्तर | दरबन्दी | सेवा |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | अधिकृतस्तर, स्त्री रोग विशेषज्ञ | आठौं | १ | स्वास्थ्य |
| २ | मेडिकल अधिकृत | अधिकृतस्तर, बाल रोग विशेषज्ञ | आठौं | १ | स्वास्थ्य |
| ३ | वरिष्ठ शाखा अधिकृत | अधिकृतस्तर | आठौं | १० | |
| | जम्मा | | | १२ | |
| | | | | | |
| ६ | प्रशासकीय अधिकृत | अधिकृतस्तर | सातौं | १ | प्रशासन |
| ७ | लेखा अधिृकत | अधिकृतस्तर | सातौं | १ | लेखा |
| ८ | इन्जिनियर | अधिकृतस्तर | सातौं | २ | सिभिल |
| ९ | मेडिकल अधिकृत | अधिकृतस्तर | सातौं | २ | स्वास्थ्य |
| १० | जिन्सी अधिकृत | अधिकृतस्तर | सातौं | १ | प्रशासन |
| ११ | पुस्तकालय अधिकृत | अधिकृतस्तर | सातौं | १ | प्रशासन |
| १२ | कर अधिकृत | अधिकृतस्तर | सातौं | १ | लेखा |
| १३ | कानून अधिकृत | अधिकृतस्तर | सातौं | १ | कानून |
| १४ | शाखा अधिकृत | अधिकृतस्तर | सातौं | ६ | प्रशासन |
| १५ | पुरातत्वविद् | अधिकृतस्तर | सातौं | | पुरातत्व |
| १६ | सम्पदाविद् | अधिकृतस्तर | सातौं | | सम्पदा |
| १७ | मेकानिकल ई. | अधिकृतस्तर | सातौं | | सिभिल |
| १८ | खाध्यविद् | अधिकृतस्तर | सातौं | | |
| १९ | केमिकल ई. | अधिकृतस्तर | सातौं | | सिभिल |
| २० | ईलेक्ट्रिकल ई. | अधिकृतस्तर | सातौं | | सिभिल |
| २१ | ल्याव टेक्निसियन | अधिकृतस्तर | सातौं | | स्वास्थ्य |
| २२ | इन्स्पेक्टर | अधिकृतस्तर | सातौं | | सुरक्षा |
| २३ | मेडिकल अधिकृत | अधिकृतस्तर | सातौं | | स्वास्थ्य |
| २४ | खाध्य निरीक्षक | अधिकृतस्तर | सातौं | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | प्रोक्योमिन्ट | अधिकृतस्तर | सातौं | | प्रशासन |
| २६ | डेन्टिस्ट | अधिकृतस्तर | सातौं | | स्वास्थ्य |
| २७ | सूचना तथा प्रविधि अधिकृत | अधिकृतस्तर | सातौं | | IT |
| २८ | पर्यटन अधिकृत | अधिकृतस्तर | सातौं | | प्रशासन |
| २९ | स्ट्रक्चरल इन्जिनियर | अधिकृतस्तर | सातौं | | सिभिल |
| ३० | सर्वेयर | अधिकृतस्तर | सातौं | | सिभिल |
| | जम्मा | | | १६ | |
| | | | | | |
| ३१ | प्रशासकीय अधिकृत | अधिकृतस्तर | छैठौं | १ | प्रशासन |
| ३२ | लेखा अधिकृत | अधिकृतस्तर | छैठौं | १ | लेखा |
| ३३ | समाज कल्याण अधिकृत | अधिकृतस्तर | छैठौं | १ | प्रशासन |
| ३४ | योजना अधिकृत | अधिकृतस्तर | छैठौं | १ | सिभिल |
| ३५ | सिभिल इन्जिनियर | अधिकृतस्तर | छैठौं | ५ | सिभिल |
| ३६ | आर्किटेक्ट इन्जिनियर | अधिकृतस्तर | छैठौं | ४ | आर्किटेक्ट |
| ३७ | पर्यटन अधिकृत | अधिकृतस्तर | छैठौं | १ | प्रशासन |
| ३८ | प्रमुख स्वकीय सचिव | अधिकृतस्तर | छैठौं | १ | प्रशासन |
| ३९ | इन्जिनियर ढल | अधिकृतस्तर | छैठौं | १ | सिभिल |
| ४० | स्यानिटेशन इन्जिनियर | अधिकृतस्तर | छैठौं | १ | सिभिल |
| ४१ | मेकानिकल इन्जिनियर | अधिकृतस्तर | छैठौं | १ | सिभिल |
| ४२ | इन्जिनियर नक्सा | अधिकृतस्तर | छैठौं | १ | सिभिल |
| ४३ | प्रोक्योरमेन्ट (खरीद) | अधिकृतस्तर | छैठौं | १ | प्रशासन |
| ४४ | शाखा अधिकृत | अधिकृतस्तर | छैठौं | ३८ | प्रशासन |
| ४५ | मेकानिकल ई. | अधिकृतस्तर | छैठौं | | सिभिल |
| ४६ | केमिकल ई. | अधिकृतस्तर | छैठौं | | सिभिल |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | ईलेक्ट्रिकल ई. | अधिकृतस्तर | छैठौं | | सिभिल |
| ४८ | ल्याव टेक्निसियन | अधिकृतस्तर | छैठौं | | जनस्वास्थ्य |
| ४९ | इन्स्पेक्टर | अधिकृतस्तर | छैठौं | | सुरक्षा |
| ५० | मेडिकल अधिकृत | अधिकृतस्तर | छैठौं | | स्वास्थ्य |
| ५१ | खाद्य निरीक्षक | अधिकृतस्तर | छैठौं | | प्रशासन |
| ५२ | प्रोक्योमिन्ट | अधिकृतस्तर | छैठौं | | प्रशासन |
| ५३ | डेन्टिस्ट | अधिकृतस्तर | छैठौं | | स्वास्थ्य |
| ५४ | मुद्रण अधिकृत | अधिकृतस्तर | छैठौं | | मुद्रण |
| ५५ | कम्प्युटर अपरेटर | अधिकृतस्तर | छैठौं | १ | प्रशासन |
| ५६ | आ.ले.प. | अधिकृतस्तर | छैठौं | १ | लेखा |
| | जम्मा | | | ६० | |
| | | | | | |
| ५६ | नायब सुब्बा | सहायकस्तर | पाँचौं | ४५ | प्रशासन |
| ५७ | प्रशासन सहायक | सहायकस्तर | पाँचौं | १ | प्रशासन |
| ५८ | कानून सहायक | सहायकस्तर | पाँचौं | १ | कानुन |
| ५९ | नक्सा सहायक | सहायकस्तर | पाँचौं | १ | प्रशासन |
| ६० | जिन्सी सहायक | सहायकस्तर | पाँचौं | ३ | प्रशासन |
| ६१ | कर सहायक | सहायकस्तर | पाँचौं | १ | लेखा |
| ६२ | लेखापाल | सहायकस्तर | पाँचौं | ५ | लेखा |
| ६३ | ड्राफ्टम्यान | सहायकस्तर | पाँचौं | ५ | सिभिल |
| ६४ | ओ.सी. | सहायकस्तर | पाँचौं | २० | सिभिल |
| ६५ | फोटोग्राफर | सहायकस्तर | पाँचौं | २ | प्रशासन |
| ६६ | पर्यटक सहायक | सहायकस्तर | पाँचौं | १ | प्रशासन |
| ६७ | कम्प्युटर अपरेटर | सहायकस्तर | पाँचौं | २ | प्रशासन |
| ६८ | ना.सु.आ.ले.प. | सहायकस्तर | पाँचौं | १ | प्रशासन |
| ६९ | डोजर अपरेटर | सहायकस्तर | पाँचौं | १ | प्रशासन |

| | | | | | |
|---|---|---|---|---|---|
| ७० | हेभी ड्राइभर | सहायकस्तर | पाँचौं | ४ | प्रशासन |
| ७१ | जे.टी.ए. | सहायकस्तर | पाँचौं | १ | प्रशासन |
| ७२ | साँस्कृतिक सुरक्षाकर्मी | सहायकस्तर | पाँचौं | १ | प्रशासन |
| ७३ | इलेक्ट्रिकल ओ.सी. | सहायकस्तर | पाँचौं | १ | सिभिल |
| ७४ | मेकानिकल ओ.सी. | सहायकस्तर | पाँचौं | १ | सिभिल |
| ७५ | पुस्तकालय ना.सु. | सहायकस्तर | पाँचौं | १ | प्रशासन |
| ७६ | हेल्थ असिस्टेण्ट | सहायकस्तर | पाँचौं | २ | स्वास्थ्य |
| ७७ | सिनियर अपरेटर | सहायकस्तर | पाँचौं | २ | प्रशासन |
| ७८ | ल्याव टेक्निसियन | सहायकस्तर | पाँचौं | १ | स्वास्थ्य |
| ७९ | प्रोक्योरमेन्ट (खरीद) | सहायकस्तर | पाँचौं | १ | प्रशासन |
| ८० | प्रेस अपरेटर | सहायकस्तर | पाँचौं | १ | मुद्रण |
| ८१ | सर्भेयर | सहायकस्तर | पाँचौं | | सिभिल |
| ८२ | नगर प्रहरी | सहायकस्तर | पाँचौं | १ | सुरक्षा |
| ८३ | वडा सचिव | सहायकस्तर | पाँचौं | १० | प्रशासन |
| ८४ | वडा निरीक्षक | सहायकस्तर | पाँचौं | १० | प्रशासन |
| ८५ | खेलकुद प्रशिक्षक | सहायकस्तर | पाँचौं | ४ | प्रशासन |
| | जम्मा | | | १३० | |
| | | | | | |
| ८६ | खरिदार | सहायकस्तर | चौंथो | २९ | प्रशासन |
| ८७ | खरिदार (सा.सु.क.) | सहायकस्तर | चौंथो | १० | प्रशासन |
| ८८ | लाइब्रेरियन | सहायकस्तर | चौंथो | १ | प्रशासन |
| ८९ | स.ओ.सी. | सहायकस्तर | चौंथो | २ | सिभिल |
| ९० | स्टोरकिपर | सहायकस्तर | चौंथो | २ | प्रशासन |
| ९१ | डकर्मी | सहायकस्तर | चौंथो | १ | प्रशासन |
| ९२ | सिकर्मी | सहायकस्तर | चौंथो | २ | प्रशासन |
| ९३ | मिस्त्री | सहायकस्तर | चौंथो | १ | प्रशासन |

| | | | | | |
|---|---|---|---|---|---|
| ९४ | लाइट ड्राइभर | सहायकस्तर | चौंथो | १८ | प्रशासन |
| ९५ | वडा सचिव | सहायकस्तर | चौंथो | १० | प्रशासन |
| ९६ | कम्प्युटर अपरेटर | सहायकस्तर | चौंथो | १३ | प्रशासन |
| ९७ | बाइण्डर | सहायकस्तर | चौंथो | १ | मुद्रण |
| ९८ | प्लेट मेकर | सहायकस्तर | चौंथो | १ | मुद्रण |
| ९९ | अ.न.मी. | सहायकस्तर | चौंथो | २ | स्वास्थ्य |
| १०० | भर्टिकल क्यामेरा अपरेटर | सहायकस्तर | चौंथो | १ | प्रशासन |
| १०१ | डोजर अपरेटर | सहायकस्तर | चौंथो | १ | प्रशासन |
| १०२ | साँस्कृतिक सुरक्षाकर्मी | सहायकस्तर | चौंथो | ४ | प्रशासन |
| १०३ | वडा निरीक्षक | सहायकस्तर | चौंथो | १० | प्रशासन |
| १०४ | प्लम्बर | सहायकस्तर | चौंथो | २ | प्रशासन |
| १०५ | लेखा प्रशासन खरिदार | सहायकस्तर | चौंथो | १० | लेखा |
| १०६ | ल्याव असिस्टेण्ट | सहायकस्तर | चौंथो | २ | स्वास्थ्य |
| १०७ | सि.एम.ए. | सहायकस्तर | चौंथो | ५ | स्वास्थ्य |
| १०८ | स्टेरिङ्ग ट्याक्टर ड्राइभर | सहायकस्तर | चौंथो | १ | प्रशासन |
| १०९ | स्यानिटेशन सुपरभाइजर | सहायकस्तर | चौंथो | २ | प्रशासन |
| ११० | प्रोक्योरमेन्ट (खरीद) | सहायकस्तर | चौंथो | १ | प्रशासन |
| १११ | जिन्सि सहायक | सहायकस्तर | चौंथो | १ | प्रशासन |
| ११२ | कर निरीक्षक | सहायकस्तर | चौंथो | २ | प्रशासन |
| ११३ | स.लेखापाल | सहायकस्तर | चौंथो | २ | लेखा |
| ११४ | अ.हे.ब. | सहायकस्तर | चौंथो | ३ | स्वास्थ्य |
| ११५ | नगर प्रहरी | सहायकस्तर | चौंथो | २० | सुरक्षा |
| ११६ | पर्यटन सहायक | सहायकस्तर | चौंथो | ६ | |
| | जम्मा | | | १६६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११७ | मुखिया । शिक्षिका | सहायकस्तर | तेश्रो | १५ | प्रशासन |
| | जम्मा | | | १५ | |
| | | | | | |
| ११८ | पियन पाले | सहायकस्तर | पहिलो | ४२ | प्रशासन |
| ११९ | स.म. | सहायकस्तर | पहिलो | २८ | प्रशासन |
| १२० | हेल्पर | सहायकस्तर | पहिलो | ३२ | प्रशासन |
| १२१ | ज्यामी | सहायकस्तर | पहिलो | २ | प्रशासन |
| १२२ | मेहतर | सहायकस्तर | पहिलो | ३० | प्रशासन |
| १२३ | टि.टा. | सहायकस्तर | पहिलो | ४० | प्रशासन |
| १२४ | हकर्ष नियन्त्रक | सहायकस्तर | पहिलो | ८ | प्रशासन |
| १२५ | बगैंचे | सहायकस्तर | पहिलो | १२ | प्रशासन |
| १२६ | आया | सहायकस्तर | पहिलो | १२ | प्रशासन |
| | जम्मा | | | २०२ | |
| | कूल जम्मा | | | ६०१ | |

**आज्ञाले**

(**राम गोविन्दश्रेष्ठ**)

**निमित्तप्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७५।११।०३गते**

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**